जि.प्रशा.का, बारा दर्ता नं. :- ८७/२०७८/०७९ जिल्ला हुलाक, बारा दर्ता नं. :- १७/२०७८/०७९

"समाचारले टुटछ ठूला-ठूलाको दंभ, त्यसकारण बजारमा आएको छ शुभआरम्भ"

# शुभआरम्भ

Shubharambh National Daily राष्ट्रिय दैनिक

वर्ष ५ | अंक २५५ | २०८३ साल बैशाख १७ गते बिहीवार | Thursday-30-April-2026 | पृष्ठ संख्या-४ | मूल्य रू.५/-

## नगौलमा अवैध माटो उत्खननः नियम कागजमै सीमित, स्थानीय सरकारमाथि प्रश्न

*अखिलेश कुमार यादव*
*बारा, १६ बैशाख*



जीतपुरसिमरा उपमहानगरपालिका-६ नगौल क्षेत्रमा अवैध रूपमा माटो उत्खनन भइरहेको घटना सार्वजनिक भएपछि स्थानीय सरकारको कार्यक्षमतामाथि गम्भीर प्रश्न उठेको छ । उपमहानगरले आफैं बनाएको कानुन र कार्यविधि विपरीत खुलेआम उत्खनन भइरहँदा नियमनकारी निकायको भूमिकामाथि आलोचना बढेको हो ।

प्रचलित स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२ (२)(च) तथा उपमहानगरद्वारा जारी नदीजन्य पदार्थ उत्खनन, संकलन तथा बिक्री वितरण सम्बन्धी कार्यविधि, २०७९ अनुसार निजी जग्गाबाट समेत माटो उत्खनन गर्न पूर्व स्वीकृति अनिवार्य छ । तर नगौल क्षेत्रमा भइरहेको उत्खननमा न त कुनै अनुमति लिइएको देखिन्छ, न त राजस्व तिरेको अभिलेख भेटिएको छ ।

स्थानीयका अनुसार दैनिक रूपमा टिपरमार्फत माटो ओसारपसार भइरहेको छ । उपमहानगरको नियमअनुसार स्वीकृति बिना उत्खनन वा बिक्री गरेमा ट्रिपर प्रति टिप १० हजार र ट्याक्टर प्रति टिप ५ हजार रुपैयाँसम्म जरिवाना गर्ने प्रावधान छ, दोहोरिएमा थप जरिवाना बढ्ने व्यवस्था पनि छ। तर यस्ता प्रावधान व्यवहारमा कार्यान्वयन नभएको देखिएको छ ।

नियमन गर्ने जिम्मेवारी पाएको उपमहानगर स्वयं आफ्नो नियम लागू गर्न असफल देखिएको भन्दै स्थानीयवासीले असन्तुष्टि जनाएका छन् । उनीहरूका अनुसार खुलेआम भइरहेको उत्खननप्रति सम्बन्धित निकाय मौन बस्नुले थप शंका उत्पन्न गरेको छ ।

यस विषयमा उपमहानगरका राजस्व शाखा प्रमुख राम शर्मा पौडेल ले प्रक्रिया झन्झटिलो भएको र यस्ता विषयहरू अख्तियारसम्म पुग्ने भएकाले कर्मचारीहरू सतर्क बन्नुपर्ने अवस्था रहेको बताए । उनले नगौल क्षेत्रमा भइरहेको उत्खननका लागि कसैले पनि औपचारिक अनुमति लिन नआएको दाबी गरे ।

निजी जग्गाबाट माटो उत्खननबारे सुरुदेखि नै विवाद रहँदै आएको थियो । अहिले सोही व्यवस्था कार्यान्वयनमा कमजोरी देखिँदा उपमहानगरले बनाएको नियम आफैं कार्यान्वयन गर्न नसकेको स्पष्ट देखिएको छ। स्थानीय तहको सुशासन र राजस्व संकलनसँग प्रत्यक्ष जोडिएको विषयमा समयमै नियन्त्रण र प्रभावकारी अनुगमन आवश्यक रहेको सरोकारवालाहरूको भनाइ छ ।

## नम्बर प्लेट विनाका टिपरको रजगजः सुरक्षा निकाय मौन सर्वसाधारण त्रसित

शु. आ. सम्वाददाता
रौतहट ,१६ वैशाख



जिल्लाका विभिन्न नदीजन्य क्षेत्रबाट बालुवा र गिट्टी ओसारपसार गर्ने टिपरहरूले ट्राफिक नियमको धज्जी उडाउँदा समेत सम्बन्धित निकाय मौन देखिएको छ । जिल्लाका विभिन्न स्थानीय तहबाट उत्खनन गरिएका निर्माण सामग्री बोक्ने अधिकांश टिपरहरूले पछाडिको नम्बर प्लेट नराखी र क्षमताभन्दा बढी ( ओभरलोड) सामान बोकेर सञ्चालन भइरहेका छन् ।

पछिल्लो समय रौतहटका सडकहरूमा गुड्ने टिपरहरूले पछाडिको नम्बर प्लेट नियतवश हटाउने वा छोप्ने गरेको पाइएको छ। दुर्घटना भएको खण्डमा पहिचान लुकाउन सजिलो हुने भएकाले टिपर चालक र व्यवसायीहरूले यस्तो हत्कण्डा अपनाएको स्थानीयको आरोप छ । धुलो र हिलोका कारण नम्बर प्लेट नदेखिएको बहाना बनाए पनि धेरैजसो सवारीमा जानाजानी नम्बर मेटाइएको देखिन्छ ।

मापदण्ड भन्दा बढी बालुवा र गिट्टी लोड गरेर गुड्ने यी टिपरका कारण करोडौंको लगानीमा बनेका सडकहरू भत्किने क्रम बढेको छ । ओभरलोड सवारीले गर्दा सडकमा ठूला-ठूला खाल्डा खुल्डी परेका छन् भने सडकमा बालुवा र गिट्टी झर्दै जाँदा साना सवारी साधन विशेषगरी मोटरसाइकल चालकहरू दुर्घटनाको उच्च जोखिममा छन् ।

स्थानीय प्रशासन र ट्राफिक प्रहरीको भूमिकालाई लिएर सर्वसाधारणले कडा आलोचना गरेका छन् । चोक-चोकमा बसेर मोटरसाइकल चालकलाई सामान्य कागजपत्र वा हेल्मेटको निहुँमा जरिवाना गर्ने सुरक्षाकर्मीहरू आँखै अगाडि ठूला नियम उल्लंघन गर्ने टिपरलाई भने नदेखे झैँ गरिरहेको गुनासो बढेको छ ।

सादा पोसाकका ट्राफिक र प्रहरीहरू मोटरसाइकल चेकजाँचमा व्यस्त हुन्छन्, तर विना नम्बर प्लेटका ओभरलोड टिपरहरू उनीहरूकै अगाडिबाट हुइँकिन्छन्, एक स्थानीयले आक्रोश पोख्दै भने, के नियम गरिब र मोटरसाइकल चालकलाई मात्रै हो? जिल्लाका सुरक्षा प्रमुखहरूले यसमा किन आँखा चिम्लिरहेका छन्?

जिल्लाको शान्ति सुरक्षा र ट्राफिक व्यवस्थापनको जिम्मेवारी सम्हालेका ट्राफिक प्रहरी निरीक्षक राजेन्द्र थापा मगर, जिल्ला प्रशासन कार्यालय र जिल्ला प्रहरी कार्यालयका प्रमुखहरूले यस विषयमा ठोस कदम चाल्न नसक्दा सेटिङको आशंका समेत गरिएको छ । अवैध उत्खनन र नियम विपरीतका सवारी साधनलाई नियन्त्रण गर्नुपर्नेमा उल्टै संरक्षण दिएको भन्दै नागरिक स्तरबाट दबाब बढ्न थालेको छ ।

टिपरको यो दादागिरीले गर्दा रौतहटमा सडक दुर्घटनाको दर बढ्न सक्ने भन्दै तत्काल नम्बर प्लेट अनिवार्य गर्न र ओभरलोड नियन्त्रण गर्न माग गरिएको छ ।

## स्मार्ट लाइसेन्स कार्ड वितरण सुरू, सार्वजनिक बिदामा पनि सेवा उपलब्ध

*शु.आ. सम्बाददाता*
*कलैया, १६ बैशाख*




मधेश प्रदेश सरकार अन्तर्गत श्रम तथा यातायात मन्त्रालयको यातायात व्यवस्था कार्यालय, कलैयाले सवारी चालक अनुमति पत्र (लाइसेन्स) को स्मार्ट कार्ड वितरण सुरु गरेको छ । कार्यालयले एक सूचना जारी गर्दै नयाँ जारी, थप, नवीकरण तथा प्रतिलिपि सम्बन्धी स्मार्ट लाइसेन्स कार्ड वितरण प्रक्रिया सुरु भएको जानकारी दिएको हो ।

कार्यालयका अनुसार यातायात व्यवस्था विभागबाट छपाइ भई प्राप्त भएका स्मार्ट लाइसेन्स कार्डहरू मिति २०८३ वैशाख १७ गतेदेखि वितरण गर्न थालिएको छ। यससँगै लामो समयदेखि लाइसेन्स कार्डको प्रतीक्षामा रहेका सेवाग्राहीलाई राहत पुग्ने अपेक्षा गरिएको छ ।

सूचनामा उल्लेख भएअनुसार स्मार्ट लाइसेन्स कार्ड लिन सेवाग्राहीहरूले पुरानो लाइसेन्स वा राजस्व तिरेको सक्कल रसिद अनिवार्य रूपमा साथमा ल्याउनुपर्नेछ। सम्बन्धित व्यक्तिले स्वयं उपस्थित भई कार्ड बुझ्नुपर्ने व्यवस्था गरिएको छ ।

त्यस्तै, कार्यालयले विशेष व्यवस्था गर्दै वैशाख १८ गतेदेखि वैशाख २० गतेसम्म सार्वजनिक बिदा परेको अवस्थामा पनि स्मार्ट लाइसेन्स वितरण सेवा निरन्तर सञ्चालन गर्ने जनाएको छ । ती दिनहरूमा बिहान १० बजेदेखि दिउँसो ५ बजेसम्म सेवा उपलब्ध गराइने कार्यालयले स्पष्ट पारेको छ ।

कार्यालय प्रमुखले सेवाग्राहीलाई तोकिएको मिति र समयमै आवश्यक कागजातसहित उपस्थित भई सेवा लिन आग्रह गरेका छन् । स्मार्ट लाइसेन्स वितरणसँगै सेवामा सहजता आउने र भीड व्यवस्थापनमा पनि सुधार हुने विश्वास गरिएको छ ।

## जबरजस्ती चन्दा असुली नगर्न कलैया उपमहानगरको चेतावनी, मेलामा आधारभूत सुविधा अनिवार्य

*शु.आ. सम्बाददाता*
*कलैया, १६ बैशाख*




कलैया उपमहानगरपालिका ले नगर क्षेत्रभित्र सञ्चालन हुने मेला तथा धार्मिक गतिविधिका नाममा हुने जबरजस्ती चन्दा संकलन रोक्न कडा निर्देशन जारी गरेको छ । नगर कार्यपालिकाको कार्यालयले एक सार्वजनिक सूचना जारी गर्दै यस्तो कार्य गैरकानुनी र दण्डनीय हुने स्पष्ट पारेको हो । सूचनाअनुसार जिल्ला प्रशासन कार्यालय, बाराबाट प्राप्त पत्रको आधारमा नगर क्षेत्रका कुनै पनि मन्दिर वा मेला आयोजनाका क्रममा घरघरबाट जबरजस्ती चन्दा उठाउने कार्य गर्न नहुने उल्लेख गरिएको छ । यस्ता गतिविधिले सर्वसाधारणमा अनावश्यक दबाब सिर्जना गर्ने भएकाले तत्काल नियन्त्रण गर्न सम्बन्धित सबैलाई आग्रह गरिएको छ । नगरपालिकाले मेला आयोजना गर्ने समितिहरूलाई समेत जिम्मेवार बन्न निर्देशन दिँदै सञ्चालन भइरहेका मेलामा शौचालय, स्वच्छ खानेपानी र फोहोर व्यवस्थापन जस्ता आधारभूत सेवाहरू अनिवार्य रूपमा सुनिश्चित गर्नुपर्ने जनाएको छ । नागरिकको स्वास्थ्य र सरसफाइलाई ध्यानमा राख्दै आवश्यक पूर्वाधारबिना मेला सञ्चालन नगर्न पनि चेतावनी दिइएको छ । वातावरण तथा विपद् व्यवस्थापन शाखा प्रमुख एनामुलहक अन्सारी द्वारा हस्ताक्षरित सूचनामा नियम उल्लंघन भए कानुनी कारबाही अगाडि बढाइने उल्लेख गरिएको छ । नगरपालिकाले धार्मिक तथा सांस्कृतिक गतिविधिहरूलाई व्यवस्थित र मर्यादित बनाउन सरोकारवाला सबै पक्षसँग सहकार्यको अपेक्षा गर्दै अनियमितता भए तत्काल जानकारी गराउन समेत अनुरोध गरेको छ ।

**ब्यक्तिगत घटना जस्तै जन्मदर्ता, विवाहदर्ता, मृत्यु दर्ता तथा सम्बन्ध बिच्छेद समयमै सम्बन्धित कार्यालयमा गई दर्ता गराऔं ।**

**मो.सा चलाउँदा हेल्मेटको अनिवार्य प्रयोग गरौं ।**

**तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरूक बनौ कर तिरौ । - देवताल गाउँपालिका**

## शुभ आरम्भ राष्ट्रिय दैनिकका लागी

| | |
|---|---|
| प्रकाशक | : अनिल पाण्डेय |
| प्रधान सम्पादक | : दिपेन्द्र कुमार उपाध्याय |
| सम्पादक | : श्याम विहारी साह केशरी |
| कार्यकारी सम्पादक | : उमेश दुबे |
| समाचार सम्पादक | : आ.के. ठाकुर |
| कानुनी सल्लाहकार | : प्रभातचन्द्र दाहाल |
| कम्प्यूटर अपरेटर | : कृष्णा गुप्ता |
| सम्पर्क नम्बर | : ९८४५२२६३०५ |
| सम्पर्क कार्यालय | : कलैया-१४, बघवन (बारा) |
| मुद्रक | : बारा प्रिन्टिङ्ग प्रेस, कलैया (बारा) |

shubharambhdaily@gmail.com


# सम्पादकीय..........

## तस्करीका लागि सजिलो मार्ग बन्दैछ?

नेपाल-भारत सीमाक्षेत्रमा बारम्बार सार्वजनिक भइरहेका घटनाहरुले एउटा असहज तर महत्वपूर्ण प्रश्न उठाइरहेका छन्–के सीमावर्ती क्षेत्र तस्करीका लागि सजिलो मार्ग बन्दैछ? हालै ठूलो परिमाणको लागूऔषध सीमासम्म सहजै पुगेर भारततर्फ नियन्त्रणमा आएको घटनाले यो प्रश्नलाई अझ गम्भीर बनाएको छ।

सीमा सुरक्षामा संलग्न निकायहरुले कडाइको दाबी गरिरहे पनि व्यवहारमा कमजोरीहरु प्रष्ट देखिँदै आएका छन्। जब अवैध सामग्री बिना अवरोध सीमासम्म पुग्छ, तब समस्या केवल तस्करको होइन, निगरानी प्रणालीकै हुन्छ। यस्ता घटनाले सुरक्षा संयन्त्रको प्रभावकारिता, समन्वय र जवाफदेहितामाथि प्रश्न खडा गर्छ।

सीमा व्यवस्थापन बहुआयामिक विषय हो। नेपाल प्रहरी, सशस्त्र प्रहरी, भन्सार प्रशासन र स्थानीय निकायबीचको समन्वय यसको आधार हो। तर समन्वयको कमी, सूचना आदानप्रदानमा कमजोरी र प्रविधिको सीमित प्रयोगले तस्कर ी नियन्त्रण चुनौतीपूर्ण बनाएको देखिन्छ।

विशेषगरी दशगज्जा क्षेत्रजस्तो संवेदनशील भूभागमा नियमित गस्ती, निगरानी प्रविधि र दुई देशबीचको सहकार्य प्रभावकार ी हुनुपर्ने हो। तर यथार्थमा यी पक्षहरु कमजोर हुँदा तस्कर हरुले अवसर पाइरहेका छन्। परिणामतः सीमाक्षेत्र 'कम जोखिम, उच्च लाभ' को मार्गमा परिणत हुने जोखिम बढ्दै गएको छ।

तस्करी केवल सीमामा रोक्ने विषय होइन। यसको जालो उत्पादन, संकलन, ढुवानी र गन्तव्यसम्म फैलिएको हुन्छ। त्यसैले नियन्त्रणका प्रयास पनि त्यहीअनुसार समग्र हुनुपर्छ। स्रोतमै नियन्त्रण, बीचमा निगरानी र सीमामा कडाइ–यी तीन तहमा एकैसाथ काम नगरेसम्म समस्या जस्ताको त्यस्तै रहनेछ।

यस सन्दर्भमा स्थानीय समुदायको भूमिका पनि महत्वपूर्ण छ। सीमावर्ती क्षेत्रका बासिन्दा सूचना र सचेतनाका प्रमुख स्रोत हुन सक्छन्। उनीहरुलाई विश्वासमा लिएर सहकार्य बढाउन सके निगरानी अझ प्रभावकारी बन्न सक्छ।

अब आवश्यक छ–प्रणालीगत सुधार। प्रविधिको प्रयोग ( सीसीटीभी, ड्रोन, डिजिटल ट्र्याकिङ), नियमित र उत्तरदायी गस्ती, निकायबीच वास्तविक समन्वय र कडा कानुनी कार्यान्वयन विना सुधार सम्भव छैन। साथै, प्रत्येक घटनापछि औपचारिक प्रतिक्रिया मात्र होइन, कमजोरी पहिचान गरी सुधारको ठोस कदम चालिनु अनिवार्य छ।

अन्ततः, सीमा सुरक्षा केवल सुरक्षा निकायको विषय मात्र होइनह्ञ यो राज्यको विश्वसनीयता र शासन क्षमताको पर ीक्षा हो। यदि समयमै सुधार गरिएन भने सीमावर्ती क्षेत्र तस्करीका लागि सहज मार्ग बन्दै जानेछ–र त्यसको असर केवल सुरक्षा क्षेत्रमा मात्र होइन, समग्र अर्थतन्त्र र समाजमा समेत पर्नेछ।

# सूचनाको हक दुरूपयोगको भाष्य बनाइँदै



उमिद बागचन्द

नेपालको संविधानले सूचनाको हकलाई नागरिकको मौलिक अधिकारका रूपमा सुनिश्चित गरेको छ। नेपालको संविधानको धारा २७ ले प्रत्येक नागरिकलाई सार्वजनिक निकायमा रहेका सूचनामा पहुँचको अधिकार दिएको छ । यसले पारदर्शिता, जवाफदेहिता र सुशासन प्रवर्द्धन गर्ने लक्ष्य राखेको छ। तर पछिल्लो समय यही अधिकारलाई लिएर 'दुरुपयोग भइरहेको छ' भन्ने भाष्य पनि बलियो बनाइँदै गएको देखिन्छ । सार्वजनिक निकायहरू विशेषगरी बैंकहरू र पालिकाहरू सूचना दिन आनाकानी गर्ने 'सूचना अधिकारी नै छैनन्, सूचना मागेको निवेदन नै दर्ता गर्न नमान्ने, हाकिमको तोक लगाउनु पर्ने जस्ता गैरजिम्मेवारी पूर्ण व्यवहार गर्दै आएका घटना धेरै छन् ।'

दुरुपयोगको भाष्य स्थापित गर्न बर्तमान आयोग लागि परेको छ । आयोगको उपस्थितिमा हुने जुनसुकै कार्यक्रममा पनि एउटा घटनालाई नजिर बनाएर बरम्बार प्रस्तुत गरिन्छ । वैशाख ३ गते ललितपुरमा आयोजना भएको कार्यक्रममा पनि दुरुपयोगको भाष्य स्थापित गर्ने प्रयास आयोगका तर्फबाट भयो। दुरुपयोग गर्नेलाई १० हजार जरिबाना गरिएको दाबीसमेत गरियो । अन्य सबै आयोगले सरकारलाई सिफारिसमात्र गर्छ तर राष्ट्रिय सूचना आयोगले सिधै कारबाही गर्ने अधिकार राख्दछ । विगतका आयोगले सूचना नदिने कार्यालय प्रमुख र सूचना अधिकारीहरू ४० जनालाई जरिबाना गरेको छ। सूचना माग्नेलाई भन्दा पनि सूचना नदिनेलाई दिने बनाउने कुरामा जोड दिन पनि धेरैले आग्रह गरेका छन् ।

सूचनाको हकको मूल उद्देश्य राज्यका गतिविधि नागरिकप्रति उत्तरदायी र जवाफदेही बनाउनु हो । यसले भ्रष्टाचार नियन्त्रण, सार्वजनिक सेवा सुधार र लोकतन्त्र सुदृढीकरणमा महत्वपूर्ण भूमिका खेल्छ । सूचनाको हक ऐन २०६४ यही उद्देश्यका साथ लागू गरिएको यो कानुनको व्यावहारिक कार्यान्वयनले नै आमनागरिकमा सुशासनको अनुभूति गराउन सक्छ। यो कानुनअन्तर्गत बनेको राष्ट्रिय सूचना आयोग अन्य आयोगभन्दा शक्तिशाली भएकै कारण यो आयोगको भूमिका स्थायी सरकारमा रहेकाहरूले न्यून गर्दै आएको देखिन्छ । सुरुमा सचिवको दरबन्दी रहेकोमा अहिले सहसचिवको दरबन्दी कायमा गरिएको छ ।

सचेतनामूलक कार्यक्रम व्यापकता दिनुपर्नेमा अहिले हरेक वर्ष बजेट घटाउँदै आएपछि सिमिम कार्यक्रम योजनामा राखिने गरिएको छ। यसले पनि यो राष्ट्रिय सूचना आयोगलाई सरकारले कसरी हेर्छ भन्ने कुरा प्रष्ट हुन्छ। पछिल्लो समयमा राष्ट्रिय सूचना आयोग पनि अनुगमन गर्नेभन्दा पनि आफूलाई सरकारी कार्यालयमात्र सम्झिन थालेको अनुभूति भएका छ। अहिले सूचनाको हकसम्बन्धी कानुनको मकसदअनुसार सूचना दिलाउने तर्फभन्दा पनि सूचना मागकर्तालाई हतोत्साही बनाउने तर्फ अग्रसर देखिन्छ ।

विगतमा सूचना मागकर्ताको संख्या बढाउने र सूचना माग्ने कार्यलाई व्यावहारिक बनाउने तर्फ आयोग र अभियानकर्ता केन्द्रित भएका थिए । यो कानुन आएको अहिले १८ वर्ष पार हुँदै गर्दासम्म पनि आमनागरिकले सूचना मागेको देखिँदैन। पहुँच नभएका जनताका लागि बढी महत्व हुने यो कानुन उनीहरूसम्म पुग्न अझै सकेको छैन। यसो हुनुको मुख्य कारण राज्यका संयन्त्रमा रहेका जिम्मेवार व्यक्तिहरूको बुझाइमा स्पष्ट नहुनु, थाहा हुँदाहुँदै पनि सूचना दिन नपरोस् भन्ने मानसिकतामा रहनु, यो कानुनलाई टाउको दुखाइको विषय सम्झिनु, सूचना मागकर्तालाई दुःख दिने, कानुनका रूपमा मात्र बुझ्ने गरेका कारण पनि सरकारी स्तरबाट यो कानुनको प्रचलन गराउन अग्रसर भएको देखिएन ।

एउटा मान्छेले जन्मिएदेखि मरेर अन्तिम संस्कार गर्दासम्म कर तिर्छ, आफूले तिरेको कर कहाँ र कसरी खर्च भइरहेको छ भन्ने जान्ने अधिकार प्रत्येक नेपाली जनतालाई छ र। यही कुरालाई सहज बुझाइका साथ अघि बढाउन आवश्यक छ । यसका साथै सरकारी स्तरमा अनुगमन र समन्वयका लाती बनेका सबै संयन्त्रको सक्रियता आवश्यक छ। साँच्चै देशलाई भ्रष्टाचारमुक्त बनाउने हो भने राजनीतिक दल, दलका नेता, कार्यकर्तालाई सूचनाको हकको महत्व, आवश्यकता र यसको प्रयोगबाट हुने फाइदाबारे बुझाउन र बुझ्न जरुरी देखिन्छ ।

प्रधानमन्त्रीको कार्यालयमा मुख्य सचिवको संयोजकत्वमा रहेको वर्गीकरण समिति छ, सञ्चार मन्त्रालयमा सचिवको संयोजकत्वमा रहेको अनुगमन इकाइ छ, प्रदेश सरकारका प्रमुख सचिवको संयोजकत्वमा रहेको अनुगमन समिति र जिल्ला प्रशासन कार्यालयमा रहेको जिल्ला अनुगमन समितिलाई सक्रिय बनाउनुपर्ने देखिन्छ । सूचनाको हकसम्बन्धी कानुन २०६४ आएको आज १८ वर्ष भइसकेको छ। अहिले पनि सूचनाको हक के हो भनेर बुझाउनुपर्ने अवस्था छ । नागरिक संस्थाहरूको र विगतका राष्ट्रिय सूचना आयोगहरूको सक्रियताका कारण व्यापकता पाएको थियो । त्यही स्वरूपमा पछिल्लो आयोग अघि जान सकेन । यिनै कुरालाई ध्यानमा राखी राष्ट्रिय सूचना आयोगलाई अनुगमन र प्रवर्द्धनमा जोड दिन र सूचना माग्नेलाई सहज रूपमा दिलाउने कुरामा जोड दिएर लाग्नुपर्ने देखिन्छ ।

स्थानीयस्तरदेखि राष्ट्रियस्तरसम्म नागरिक स्तरबाट हुने सूचनाको हकसम्बन्धी अभियानहरूमा साझेदारी गर्नुपर्ने हुन्छ। अहिले आयोगबाट आफू पनि नगर्ने अरूलाई पनि गर्न नदिने जस्तो अवस्था देखिएको छ। विगतमा राष्ट्रिय सूचना आयोग र स्वयम्सेवी संस्थाहरू, सूचनाको हकका लागि राष्ट्रिय महासंघसँग मिलेर काम गर्ने गरेको धेरै उदाहरण छन् । अहिले आफ्नै किसिमले स्रोत नहुँदा हुँदै पनि देशभरि संगठन बनाएर राष्ट्रिय सम्मेलनसमेत गरेर सूचनाको हकका लागि राष्ट्रिय महासंघ अघि बढिरहेको देखिन्छ । समुदायस्तरमा समुदाय जागरण अभियान, विद्यालय तथा कलेजस्तरीय जागरण अभियान काठमाडौं उपत्याकाभित्र सञ्चालन गरिरहेको छ भने सूचना माग्ने अभियानलाई तीव्रता दिएको छ। तर स्रोत नभएका कारण जसरी गर्नुपर्ने हो त्यसरी व्यापकता पाउन सकेको छैन। यसका लागि सरकारी स्तरबाट हातेमालो हुन आवश्यक छ।

दुरुपयोगको भाष्य किन बन्दैछ ? : गाउँपालिका तथा नगरपालिकाका सूचना अधिकारी र कार्यालय प्रमुखहरूले गरेका गलत काम कारबाहीको सूचना माग भएपछि सूचना दिन नमान्नेहरूले व्यक्तिगत स्वार्थका लागि सूचनाको हक व्यक्तिगत लाभ, दबाब सिर्जना गर्ने माध्यमका रूपमा वा अनावश्यक हस्तक्षेपका रूपमा प्रयोग भएको आरोप लगाउँदै दुरुपयोग भएको भाष्य सिर्जना गरिँदै आएको छ। त्यही कुरालाई आयोगले बढावा दिएपछि दुरुपयोगको भाष्य सिर्जना हुँदै आएको देखिन्छ।

कानुनी ज्ञानको अभाव सूचना माग्ने र दिने दुवै पक्षमा कानुनी प्रक्रिया र सीमाबारे पर्याप्त जानकारी नहुँदा गलत अभ्यास बढ्ने गरेको छ। मिडिया र सामाजिक धारणा कतिपय घटनामा सीमित उदाहरणलाई ठूलो रूपमा प्रस्तुत गर्दा समग्र प्रणाली नै दुरुपयोग भइरहेको जस्तो देखिने घटनाले पनि भाष्य निर्माण हुने गरेको हुन्छ । के साँच्चै दुरुपयोग भइरहेको छ ? केही अपवाद घटनाहरूलाई लिएर सम्पूर्ण अधिकारलाई दुरुपयोगको रूपमा चित्रण गर्नु उचित हुँदैन । अधिकांश अवस्थामा सूचनाको हकले भ्रष्टाचार उजागर गर्न, सेवा सुधार गर्न र नागरिक सशक्तीकरणमा सकारात्मक भूमिका खेल्ने गरेको हुन्छ ।

समाधानका उपाय

– नागरिक र कर्मचारी दुवैलाई सूचनाको हकसम्बन्धी प्रशिक्षण आवश्यक छ ।
– सूचना व्यवस्थापन सुधार गर्न प्रविधिको प्रयोग डिजिटल अभिलेख प्रणाली अघि बढाउनु पर्छ।
– सूचना माग्ने र दिने प्रक्रियालाई सरल र स्पष्ट बनाउनु आवश्यक छ।
– नागरिकले पनि सूचनाको हकको जिम्मेवारीपूर्वक प्रयोग गर्नुपर्छ ।
– नियमन र अनुगमनको जिम्मेवारी पाएका निकायले सही रूपमा घटनाको उचित छानबिन गरी दुरुपयोगको स्पष्ट पारी उचित कारबाही गर्नुपर्छ ।

निष्कर्ष : सूचनाको हक लोकतन्त्रको आधारभूत स्तम्भ हो । यसलाई दुरुपयोगको भाष्यमा सीमित गर्नुभन्दा यसको सही कार्यान्वयनमा ध्यान दिनु आवश्यक छ । केही कमजोरी र अपवादलाई सुधार्दै अघि बढ्ने हो भने यो अधिकार अझ प्रभावकारी बन्न सक्छ ।






समृद्ध नेपाल, सुखी नेपाली' दीर्घकालीन राष्ट्रिय आकांक्षा हो । राष्ट्रिय आकांक्षा पूरा गर्न हामी पनि योगदान गरौ । - सिम्रौनगढ नगरपालिका

## अन्तराष्ट्रिय समाचार

# इरान प्रस्तावमा अमेरिकी नेतृत्व सशंकित, युद्ध अन्त्य अनिश्चित

***एजेन्सी-*** मध्यपूर्वमा जारी अमेरिका-इजरायल र इरानबीचको तनावपूर्ण द्वन्द्व अन्त्य गर्ने प्रयासहरू नयाँ मोडमा पुगेका बेला वासिङ्टनभित्रै अनिश्चितता गहिरिँदै गएको छ ।

इरानले अघि सारेको पछिल्लो प्रस्तावप्रति अमेरिकी नेतृत्व सशंकित देखिएको छ भने यही सन्दर्भमा पेन्टागन प्रमुख पीट हेग्सेथले बुधबार पहिलो पटक कांग्रेससमक्ष गवाही दिने तयारी गरेका छन् ।



दुई महिनादेखि जारी युद्धका कारण इरानले रणनीतिक रूपमा अत्यन्त महत्त्वपूर्ण जलमार्ग अवरुद्ध गरेको छ, जसले विश्वव्यापी तेल तथा ग्यास आपूर्तिमा गम्भीर असर पार्दै अन्तर्राष्ट्रिय अर्थतन्त्रमा तरङ्ग पैदा गरेको छ । यस्तो अवस्थामा युद्धविरामतर्फको कुनै पनि पहल निर्णायक बन्न सक्ने भए पनि वासिङ्टनले तेहरानको प्रस्तावलाई सहज रूपमा स्वीकार गर्ने संकेत देखिएको छैन ।

अमेरिकी अधिकारीहरूले राष्ट्रपति डोनाल्ड ट्रम्प इरानी प्रस्तावप्रति सन्तुष्ट नरहेको अन्तर्राष्ट्रिय सञ्चारमाध्यमहरूले उल्लेख गरेका विवरणहरूलाई अस्वीकार गरेका छैनन् । यसैबीच, ह्वाइट हाउसमा आयोजित राजकीय भोजका क्रममा ट्रम्पले इरानलाई 'सैन्य रूपमा पराजित' भइसकेको दाबी गर्दै आफ्नो कडा धारणा सार्वजनिक गरे। उनले इरानलाई कहिल्यै आणविक हतियार प्राप्त गर्न नदिने अडान दोहोऱ्याउँदै बेलायतका राजा चार्ल्स तृतीयसमेत यसमा सहमत रहेको दाबी गरे।

तर तेहरानको प्रतिक्रिया त्यसको ठीक विपरीत देखिएको छ। इरानी सेनाका प्रवक्ताले राज्य टेलिभिजनमार्फत अमेरिकाप्रति कुनै विश्वास नरहेको स्पष्ट पार्दै युद्ध समाप्त भएको नठानिएको बताए । उनले आवश्यक परेमा नयाँ रणनीति र प्रविधिको प्रयोग गरी अझ कडा जवाफ दिन सक्ने चेतावनी दिए ।

पछिल्ला दिनहरूमा वार्ताको प्रयासहरू प्रभावकारी हुन नसकेको देखिएको छ । उपराष्ट्रपति जेडी भान्स प्रस्तावित वार्ताका लागि पाकिस्तान जाने तयारीमा रहनुभए पनि अन्तिम समयमा कार्यक्रम स्थगित भएको थियो । इरानको फार्स समाचार एजेन्सीका अनुसार पाकिस्तानमार्फत आएको नयाँ प्रस्तावमा होर्मुज जलघाँटी लगायतका संवेदनशील विषयलाई 'रेड लाइन' का रूपमा प्रस्तुत गरिएको छ ।

उक्त प्रस्तावअनुसार इरानले जलमार्गमा आफ्नो नियन्त्रण केही खुकुलो बनाउने र त्यसको बदलामा अमेरिकाले इरानी बन्दरगाहमाथिको नाकाबन्दी हटाउने सम्भावना उल्लेख गरिएको छ । यद्यपि, इरानको आणविक कार्यक्रमजस्तो जटिल विषयमा भने विस्तृत वार्ता जारी राख्ने प्रस्ताव गरिएको छ ।

अमेरिकी विदेशमन्त्री मार्को रुबियोले प्रस्ताव अपेक्षाभन्दा 'राम्रो' भए पनि त्यसको विश्वसनीयतामाथि प्रश्न उठाए । विशेषगरी इजरायलले इरानी वरिष्ठ अधिकारीहरूको हत्या गरेपछि प्रस्ताव राख्ने पक्षसँग पर्याप्त अधिकार छ कि छैन भन्ने विषयमा उनले आशंका व्यक्त गरे। उनले अन्तिम सहमति भएमा त्यसले इरानलाई आणविक हतियार विकासतर्फ अघि बढ्न रोक्नुपर्ने स्पष्ट पारे । यता इरानी रक्षा मन्त्रालयका प्रवक्ताले भने अमेरिकाले आफ्ना 'अवैध र अव्यावहारिक मागहरू' त्याग्नुपर्ने बताएका छन् । उनले अन्तर्राष्ट्रिय राजनीति परिवर्तन भइसकेको भन्दै अमेरिकाले एकल रूपमा अन्य राष्ट्रहरूलाई निर्देशन दिने अवस्था समाप्त भएको दाबी गरे ।

मध्यस्थकर्ताको भूमिकामा देखिएको कतारले स्पष्ट समाधान ननिस्किए दीर्घकालीन गतिरोधपूर्ण अवस्था कायम रहन सक्ने चेतावनी दिएको छ। यही अनिश्चितताले अन्तर्राष्ट्रिय बजारमा तेलको मूल्य पुनः उकालो लागेको छ । ब्रेन्ट कच्चा तेलको मूल्य युद्धविरामअघि झरेको स्तरभन्दा माथि पुगेको छ भने वेस्ट टेक्सास इन्टरमिडियेटले पनि दुई हप्तापछि पुनः १०० डलर नाघेको छ ।

युद्ध लम्बिँदै जाँदा अमेरिकाभित्र पनि दबाब बढ्दै गएको छ । आगामी मध्यावधि चुनाव नजिकिँदै गर्दा सर्वसाधारणबीच युद्धप्रति असन्तुष्टि बढ्दो देखिएको छ। यस्तो अवस्थामा ट्रम्पमाथि द्वन्द्वबाट बाहिरिने स्पष्ट मार्ग खोज्न दबाब परेको छ ।

अन्तर्राष्ट्रिय रूपमा समेत आलोचना बढ्दै गएको छ । जर्मन चान्सलर फ्रेडरिक मर्जले अमेरिकासँग स्पष्ट रणनीति नभएको टिप्पणी गरेका थिए, जसको ट्रम्पले सामाजिक सञ्जालमार्फत कडा प्रतिक्रिया दिए। यसैबीच, लेबनान क्षेत्रमा पनि तनाव कायम छ। इरान समर्थित हिजबुल्लाह र इजरायलबीच युद्धविराम विस्तार भए पनि छिटपुट हिंसा जारी छ । लेबनानी सेनाले इजरायली आक्रमणमा आफ्ना दुई सैनिक घाइते भएको जनाएको छ ।

इजरायलले भने हिजबुल्लाहको गतिविधिलाई युद्धविराम उल्लङ्घन भन्दै विभिन्न क्षेत्र खाली गर्न चेतावनी दिएको छ र ठूलो सुरुङ सञ्जाल ध्वस्त पारिएको दाबी गरेको छ ।

इजरायली विदेशमन्त्री गिदोन सारले आफ्नो देशको लेबनानमा कुनै क्षेत्रीय महत्त्वाकांक्षा नभएको दोहोऱ्याउँदै सशस्त्र समूह निष्क्रिय भएपछि त्यहाँ उपस्थितिको आवश्यकता नपर्ने बताए । तर हिजबुल्लाहका नेता नईम कासिमले भने आफ्नो समूह पछि नहट्ने स्पष्ट संकेत दिएका छन् ।

## वन..................

जटिल बनेको विश्लेषण गरिएको छ। विशेषज्ञहरू भन्छन्– यदि वन संरक्षण प्रभावकारी बनाउने हो भने आदिवासी समुदायलाई हटाउने होइन, उनीहरूलाई संरक्षणको साझेदार बनाउनु अपरिहार्य छ। जंगलसँग सबैभन्दा गहिरो सम्बन्ध उनीहरूकै भएकाले सहभागितामूलक संरक्षण नीति बिना दीगो परिणाम सम्भव नहुने धारणा व्यक्त गरिएको छ ।

हालको अवस्थाले भने वन संरक्षण वातावरणीय जिम्मेवारीभन्दा बढी प्रशासनिक नियन्त्रणको माध्यम बन्दै गएको संकेत गर्छ । यसको प्रत्यक्ष असर आदिवासी समुदायमाथि परेको छ, जसले संरक्षण नीतिको उद्देश्य र व्यवहारबीच गम्भीर अन्तर देखाएको छ ।

अन्ततः प्रश्न उही रहन्छ– वन जोगाउने नाममा राज्यले वास्तवमा जंगल संरक्षण गरिरहेको छ, कि जंगलसँग जोडिएको समुदायलाई विस्थापित गरिरहेको छ? जब संरक्षणको मूल्य समुदायको अस्तित्वसँग जोडिन्छ, त्यसले नीति र न्यायबीचको सन्तुलनबारे गम्भीर पुनर्विचार आवश्यक बनाएको छ ।

# पथलैया-वीरगंज सडकमा दुर्घटनाः एक जनाको मृत्यु, एक घाइते




***बारा, १६ बैशाख***
पथलैया-वीरगंज सडकखण्ड अन्तर्गत बुधबार दिउँसो भएको मोटरसाइकल दुर्घटनामा एक जनाको मृत्यु भएको छ भने एक जना गम्भीर घाइते भएका छन् । जिल्ला प्रहरीका अनुसार मृत्यु हुनेमा ४० बर्षिय राम चमार रहेका छन् । उनी पोखरिया नगरपालिका-३, बसन्तपुरका बासिन्दा हुन् ।

ना२७प ३०२१ नम्बरको मोटरसाइकलमा सवार चमार दम्पती वीरगन्जबाट नारायणघाटतर्फ जाँदै गर्दा डाबर नेपाल अगाडि मोटरसाइकल अनियन्त्रित भई सडक छेउको रेलिङमा ठोक्किएको प्रहरीले जनाएको छ । दुर्घटनामा चमार र उनकी पत्नी ३५ वर्षीया जानकी देवी गम्भीर घाइते भएका थिए ।

दुर्घटनापछि स्थानीय र प्रहरीले उद्धार गरी दुवैलाई अस्पताल पुऱ्याइएको थियो । उपचारकै क्रममा चमारको गण्डक अस्पताल मा मृत्यु भएको हो। उनकी पत्नी जानकी देवीको सोही अस्पतालमा उपचार भइरहेको प्रहरीले जनाएको छ ।प्रहरीले दुर्घटनाको कारणबारे थप अनुसन्धान भइरहेको जनाएको छ ।


जनहितमा जारी सन्देश

- सडकको छेउ किनारामा निर्माण सामाग्रीहरु नराखौं ।
- घर निर्माण नदी घर नक्सा पास गरेर मात्र निर्माण कार्य शुरू गरौं ।
- सार्वजनिक स्थलमा छाडा चौपाय नछाडौं ।
- बालश्रमको प्रयोग नगरौं नगराऔं ।
- जेष्ठ नागरिकको सम्मान गरौं ।
- अफ्नो घर परिसरमा कम्तीमा १ वटा बहु वार्षीय रुख बिरूवा रोपौं ।
- महिला हिंसा अन्त्यका लागि आफ्नो ठाउँबाट काम गरौं ।
- फोहोर बोक्ने सवारी साधान आएको बखत मात्र फोहोर बाहिर निकालौं ।
- जथाभावी फोहोर नगरौं ।
- भुकम्प प्रतिरोधि घर निर्माण गरौं ।

देवताल गाउँपालिका, पिप्राढीगोठ, बारा

जनहितमा जारी सन्देश

- सडकको छेउ किनारामा निर्माण सामाग्रीहरु नराखौं ।
- घर निर्माण नदी घर नक्सा पास गरेर मात्र निर्माण कार्य शुरू गरौं ।
- सार्वजनिक स्थलमा छाडा चौपाय नछाडौं ।
- बालश्रमको प्रयोग नगरौं नगराऔं ।
- जेष्ठ नागरिकको सम्मान गरौं ।
- अफ्नो घर परिसरमा कम्तीमा १ वटा बहु वार्षीय रुख बिरूवा रोपौं ।
- महिला हिंसा अन्त्यका लागि आफ्नो ठाउँबाट काम गरौं ।
- फोहोर बोक्ने सवारी साधान आएको बखत मात्र फोहोर बाहिर निकालौं ।
- जथाभावी फोहोर नगरौं ।
- भुकम्प प्रतिरोधि घर निर्माण गरौं ।

बारागढी गाउँपालिका, खोपवा, बारा

जनहितमा जारी सन्देश

- सडकको छेउ किनारामा निर्माण सामाग्रीहरु नराखौं ।
- घर निर्माण नदी घर नक्सा पास गरेर मात्र निर्माण कार्य शुरू गरौं ।
- सार्वजनिक स्थलमा छाडा चौपाय नछाडौं ।
- बालश्रमको प्रयोग नगरौं नगराऔं ।
- जेष्ठ नागरिकको सम्मान गरौं ।
- अफ्नो घर परिसरमा कम्तीमा १ वटा बहु वार्षीय रुख बिरूवा रोपौं ।
- महिला हिंसा अन्त्यका लागि आफ्नो ठाउँबाट काम गरौं ।
- फोहोर बोक्ने सवारी साधान आएको बखत मात्र फोहोर बाहिर निकालौं ।
- जथाभावी फोहोर नगरौं ।
- भुकम्प प्रतिरोधि घर निर्माण गरौं ।

वृन्दावन नगरपालिका, विश्रामपुर, रौतहट

जनहितमा जारी सन्देश

- सडकको छेउ किनारामा निर्माण सामाग्रीहरु नराखौं ।
- घर निर्माण नदी घर नक्सा पास गरेर मात्र निर्माण कार्य शुरू गरौं ।
- सार्वजनिक स्थलमा छाडा चौपाय नछाडौं ।
- बालश्रमको प्रयोग नगरौं नगराऔं ।
- जेष्ठ नागरिकको सम्मान गरौं ।
- अफ्नो घर परिसरमा कम्तीमा १ वटा बहु वार्षीय रुख बिरूवा रोपौं ।
- महिला हिंसा अन्त्यका लागि आफ्नो ठाउँबाट काम गरौं ।
- फोहोर बोक्ने सवारी साधान आएको बखत मात्र फोहोर बाहिर निकालौं ।
- जथाभावी फोहोर नगरौं ।
- भुकम्प प्रतिरोधि घर निर्माण गरौं ।

फतुवा विजयपुर नगरपालिका, लक्ष्मिनिया (दो.) रौतहट

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरुक बनौ कर तिरौ । - बहुदरमाई नगरपालिका पर्सा

# अवैध ई-स्कुटर आयातमा कडाइ, वीरगंज भन्सारद्वारा विवरण सार्वजनिक

*वीरगंज, १६ वैशाख*

वीरगंज भन्सार कार्यालय ले अवैध रूपमा नेपाल भित्र्याइएका विद्युतीय सवारी साधन (ई-स्कुटर) सम्बन्धी विस्तृत विवरण सार्वजनिक गरेको छ । कार्यालयले विभिन्न मितिमा नियन्त्रणमा लिइएका स्कुटरहरूको सूची सार्वजनिक गर्दै सम्बन्धित पक्षलाई आवश्यक प्रक्रिया पुरा गर्न आह्वान गरेको हो। भन्सार विभाग को निर्देशनअनुसार सार्वजनिक गरिएको विवरणमा भारतबाट भन्सार प्रक्रिया पुरा नगरी तथा वैध कागजातविनै भित्र्याइएका विभिन्न ब्राण्डका दर्जनौं ई-स्कुटर जफत गरिएको उल्लेख छ। यस्ता सवारी साधनहरू सीमावर्ती क्षेत्र हुँदै अवैध रूपमा ल्याइएको प्रारम्भिक निष्कर्ष रहेको जनाइएको छ। भन्सार कार्यालयले जफत गरिएका स्कुटरहरू विभिन्न कम्पनी र मोडलका रहेको जनाएको छ। सम्बन्धित सवारीधनी



वा दाबीवालाहरूलाई स्वामित्व पुष्टि गर्ने कागजातसहित तोकिएको समयभित्र कार्यालयमा सम्पर्क गर्न सूचित गरिएको छ। कार्यालयका अनुसार निर्धारित अवधिभित्र कोही सम्पर्कमा नआए प्रचलित कानुनअनुसार जफत सामग्रीमाथि थप प्रक्रिया अघि बढाइनेछ। भन्सार ऐन तथा अन्य सम्बन्धित कानुनी व्यवस्थाअनुसार कारबाही गरिने चेतावनी पनि दिइएको छ। सीमावर्ती नाकाबाट अवैध रूपमा विद्युतीय सवारी साधन भित्र्याउने प्रवृत्ति बढ्दै गएपछि निगरानी तथा नियन्त्रण थप कडा पारिएको भन्सार स्रोतले जनाएको छ। राजस्व चुहावट नियन्त्रण र वैध व्यापार प्रणाली सुदृढ बनाउन यस्ता अवैध गतिविधिविरुद्ध निरन्तर कारबाही जारी रहने कार्यालयको भनाइ छ।

# 'माननीय' शब्द प्रयोग नगर्न रास्वपाको निर्देशन, सादगी र उत्तरदायित्वमा जोड

*काठमाडौं, १६ वैशाख*

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले आफ्ना सांसदहरूलाई अबदेखि आधिकारिक कागजातमा 'माननीय' शब्द प्रयोग नगर्न निर्देशन दिएको छ। पार्टीको संसदीय दलको अनौपचारिक बैठकले यस्तो निर्णय गर्दै लेटरप्याड, परिचयपत्र तथा अन्य आधिकारिक सामग्रीमा एकरूपता कायम गर्ने नीति अघि सारेको हो।




पार्टीका प्रवक्ता मनिष झा का अनुसार सांसदहरूलाई पदको औपचारिक सम्मानभन्दा जिम्मेवारी र काममा केन्द्रित हुन आग्रह गरिएको छ। उनले 'माननीय' जस्ता सम्मानसूचक शब्द हटाएर जनप्रतिनिधिलाई थप जवाफदेही र व्यवहारिक बनाउने उद्देश्य पार्टीको रहेको बताए। बैठकमा सांसदहरूको क्षमता अभिवृद्धि र कार्यकुशलता बढाउन मेन्टर तथा सल्लाहकारको सहयोग लिन सुझाव दिइएको छ। विशेषगरी नयाँ निर्वाचित प्रतिनिधिहरूलाई सिकाइको प्रक्रिया निरन्तर राख्न र आवश्यक परामर्शमार्फत कामलाई प्रभावकारी बनाउन नेतृत्वले निर्देशन दिएको बताइएको छ। यसैबीच रास्वपाले आगामी निर्वाचनलाई लक्षित गर्दै वैशाख २० गतेदेखि 'उम्मेदवार क्लब' सञ्चालन गर्ने तयारी गरेको जनाएको छ। कार्यक्रममार्फत भावी उम्मेदवार छनोट, प्रशिक्षण र राजनीतिक तयारीलाई व्यवस्थित र संस्थागत बनाउने लक्ष्य राखिएको छ। बैठकले आगामी निर्वाचनमा टिकट वितरण प्रक्रियालाई पारदर्शी बनाउन पनि जोड दिएको छ। कसैले पनि व्यक्तिगत रूपमा टिकटको आश्वासन वा प्रतिबद्धता दिन नपाइने स्पष्ट निर्देशन दिँदै यस्ता गतिविधि भेटिएमा कारबाही गरिने चेतावनी समेत पार्टीले दिएको छ। रास्वपाले 'माननीय' शब्द हटाउने निर्णयलाई नयाँ राजनीतिक संस्कार, सादगी र जनउत्तरदायित्वको सन्देशका रूपमा व्याख्या गरेको छ। पद र प्रतिष्ठाभन्दा कार्यसम्पादन र जनसेवामा केन्द्रित हुने यस कदमले पार्टीले फरक शैलीको राजनीतिक अभ्यास गर्न खोजेको संकेत गरेको छ।

# सरकारी विज्ञापन नीतिविरूद्ध पत्रकार महासंघको देशव्यापी दबाब अभियान तीव्र

*काठमाडौं, १६ वैशाख*

नेपाल पत्रकार महासङ्घ ले सरकारी विज्ञापन केवल सरकारी सञ्चारमाध्यममा मात्र दिने निर्णयविरुद्ध देशव्यापी दबाबमूलक अभियानलाई निरन्तरता दिएको छ। महासङ्घले उक्त निर्णय प्रेस स्वतन्त्रता, संविधानको मर्म तथा अन्तर्राष्ट्रिय मापदण्डविपरीत भएको ठहर गर्दै विरोधका कार्यक्रमलाई चरणबद्ध रूपमा अगाडि बढाएको जनाएको छ। महासङ्घका महासचिव रामप्रसाद दाहाल का अनुसार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय बाट जारी निर्णयले स्वतन्त्र मिडियामाथि प्रत्यक्ष असर पार्ने भएकाले त्यसको पुनर्विचार आवश्यक रहेको छ। उनले सञ्चारमाध्यमको विविधता र स्वतन्त्रतामाथि यस्तो नीतिले गम्भीर चुनौती सिर्जना गर्ने बताए। अभियानअन्तर्गत महासङ्घले वैशाख १६ गते राष्ट्रिय मानव अधिकार आयोग लाई ज्ञापनपत्र बुझाइसकेको छ। त्यसैगरी वैशाख १७ गते विभिन्न राजनीतिक दलका संसदीय दलका




नेता तथा सचेतकहरूसँग छलफल गर्ने कार्यक्रम तय गरिएको महासङ्घले जनाएको छ। महासङ्घका अनुसार वैशाख १८ गते प्रदेश तथा जिल्ला समितिहरूले सर्वपक्षीय छलफल आयोजना गरी आगामी रणनीति तय गर्नेछन्। त्यस्तै वैशाख २० गते विश्व प्रेस स्वतन्त्रता दिवस को अवसरमा देशव्यापी रूपमा प्रभातफेरी तथा ऐक्यबद्धता कार्यक्रम सञ्चालन गरिनेछ। यसअघि नै महासङ्घले प्रदेश र जिल्ला शाखामार्फत विभिन्न दबाबमूलक कार्यक्रम सञ्चालन गरिसकेको छ। साथै विभिन्न तहका सरकार तथा सम्बन्धित निकायहरूलाई उक्त निर्णय कार्यान्वयन नगर्न आग्रह गर्दै प्रधानमन्त्रीसमक्ष ज्ञापनपत्रसमेत बुझाइएको जनाएको छ। महासङ्घले सरकारबाट निर्णय फिर्ता नभएसम्म आन्दोलनलाई अझ सशक्त बनाउँदै लैजाने चेतावनी दिएको छ। सञ्चार क्षेत्रको स्वतन्त्रता र अस्तित्वसँग जोडिएको विषय भएकाले यसमा व्यापक सहकार्य र समर्थन आवश्यक रहेको महासङ्घको धारणा छ।

# माधवनारायण नगरपालिकाको आधुनिक प्रशासनिक भवन उद्घाटन, सेवा अब आफ्नै संरचनाबाट

*शु.आ. सम्वाददाता*
*रौतहट, १६ वैशाख*

माधवनारायण नगरपालिका ले आफ्नै अत्याधुनिक प्रशासनिक भवन सञ्चालनमा ल्याएको छ। माधोपुरस्थित नवनिर्मित भवन आज आयोजित विशेष समारोहबीच नगर प्रमुख वैजनाथ प्रसाद यादव ले पूजा-अर्चना गरी औपचारिक रूपमा उद्घाटन गरेका हुन्।



जिल्लामै पहिलोपटक लिफ्टसहित निर्माण गरिएको उक्त भवनलाई नमुना प्रशासनिक संरचनाका रूपमा हेरिएको छ। आधुनिक डिजाइन, सेवाग्राहीमैत्री वातावरण र व्यवस्थित सेवा प्रवाहलाई केन्द्रमा राखेर निर्माण गरिएको भवनमा विभिन्न प्रशासनिक शाखा सञ्चालनका लागि आवश्यक सम्पूर्ण पूर्वाधार तयार गरिएको नगरपालिकाले जनाएको छ। नगरपालिकाका अनुसार भवनको डिजाइन तथा नक्सा निर्वतमान निमित्त प्रमुख प्रशासकीय अधिकृत इन्जिनियर नागेन्द्र यादव ले तयार पारेका हुन्। निर्माणका क्रममा आधुनिक संरचनात्मक मापदण्ड अपनाइएको र दीर्घकालीन उपयोगितालाई ध्यानमा राखिएको जनाइएको छ। यस भवन निर्माणका लागि आवश्यक जग्गा स्वयं नगर प्रमुख यादवले २०८१ सालमा निःशुल्क उपलब्ध गराएका थिए। निजी स्वामित्वको जग्गा दान गरेपछि सोही स्थानमा करोडौं रुपैयाँको लागतमा भवन निर्माण प्रक्रिया अघि बढाइएको हो। स्थानीय तहको संस्थागत विकासमा नगर प्रमुखको योगदानलाई स्थानीयवासीले सकारात्मक रूपमा लिएका छन्। नगर प्रमुख यादवका अनुसार उद्घाटन गरिएको भवनबाट आगामी सोमबारदेखि सम्पूर्ण प्रशासनिक सेवा आफ्नै भवनबाट सञ्चालन हुनेछ। यसअघि विभिन्न अस्थायी व्यवस्थाबाट सञ्चालन हुँदै आएको सेवा अब एकीकृत र व्यवस्थित रूपमा प्रदान गरिनेछ। नयाँ भवन सञ्चालनमा आएसँगै सेवा प्रवाहमा सुधार आउने, प्रशासनिक कार्य प्रभावकारी बन्ने र सेवाग्राहीले सहज रूपमा सेवा पाउने अपेक्षा गरिएको छ। स्थानीय तहको पूर्वाधार विकासमा यो कदम महत्वपूर्ण उपलब्धिका रूपमा हेरिएको छ।

# वन संरक्षण कि विस्थापन? आदिवासी अधिकारमाथि उठ्दै गम्भीर प्रश्न

*नबिन चौधरी*
*बारा, १६ वैशाख*

नेपालमा वन संरक्षण र जैविक विविधता जोगाउने उद्देश्यले लागू गरिएका सरकारी नीति तथा कार्यक्रमहरूबारे नयाँ बहस सुरु भएको छ। संरक्षणको नाममा लागू गरिएका उपायहरूले जंगलसँग पुस्तौंदेखि गाँसिएका आदिवासी समुदायलाई नै विस्थापनतर्फ धकेलिरहेको आरोप बढ्दो रूपमा उठ्न थालेको हो।



विभिन्न स्थानमा वन क्षेत्रलाई संरक्षण क्षेत्र वा राष्ट्रिय निकुञ्ज घोषणा गरिँदा त्यहाँ बसोबास गर्दै आएका समुदायलाई 'अतिक्रमणकारी' का रूपमा व्यवहार गरिएको गुनासो छ। थारु, चेपाङ, राउटे, माझी र तामाङ लगायतका समुदाय यसबाट प्रत्यक्ष प्रभावित भएको बताइन्छ। उनीहरूका लागि जंगल केवल स्रोत नभई जीवनशैली, संस्कृति र अस्तित्वसँग जोडिएको आधार हो।

विश्लेषकहरूका अनुसार नेपालको वन विनाशको मुख्य कारण आदिवासी समुदाय नभई संगठित काठ तस्करी, अवैध फँडानी र पहुँचवालाको स्वार्थ हो। तर यस्ता गतिविधिमा संलग्न शक्तिशाली समूहहरू कानुनी दायराबाट उम्किने र कमजोर समुदाय मात्र कारबाहीको सिकार बन्ने प्रवृत्तिले असमानता झनै गहिरो बनाएको छ। वन क्षेत्रभित्र बसोबास गर्दै आएका समुदायले परम्परागत रूपमा दाउरा, घाँस, जडीबुटी र खाद्य सामग्री संकलन गर्दै जंगलको संरक्षणमा भूमिका खेलेका छन्। उनीहरूको जीवनशैली नै प्रकृतिसँग सहअस्तित्वमा आधारित रहेको जानकारहरूको भनाइ छ। तर राज्यले उनीहरूको परम्परागत अधिकारलाई पर्याप्त मान्यता नदिँदा उनीहरू आफ्नै पुर्खौंदेखिको थलोबाट हटाइने जोखिममा परेका छन्। नेपालको संविधान ले आदिवासी जनजातिको हक, परम्परागत ज्ञान र बसोबासको संरक्षणको ग्यारेन्टी गरे पनि व्यवहारमा भने कार्यान्वयन कमजोर देखिएको छ। वन तथा संरक्षण नीतिहरू लागू गर्दा समुदायको सहभागिताभन्दा नियन्त्रणमुखी दृष्टिकोण हावी हुँदा समस्या झन

*बाँकी तेश्रो पृष्ठमा*

# ठगी तथा आपराधिक विश्वासघात मुद्दामा दुई जना पक्राउ, अनुसन्धान जारी

*शु.आ. सम्वाददाता*
*रौतहट, १६ वैशाख*

जिल्ला प्रहरी कार्यालय रौतहट ले ठगी तथा आपराधिक विश्वासघात सम्बन्धी घटनामा संलग्न रहेको आरोपमा दुई जनालाई पक्राउ गरी अनुसन्धान अघि बढाएको जनाएको छ।

प्रहरीका अनुसार गौर नगरपालिका-१ निवासी तारकेश्वर सहनीले सर्लाहीको पर्सा गाउँपालिका-२ निवासी विपेन्द्र कुमार साहसँग केही वर्षअघि रु. २ लाख ७० हजार ऋण लिएका थिए।



उक्त ऋणको सुरक्षणस्वरूप लुम्बिनी विकास बैंकको खाली चेक उपलब्ध गराइएको थियो। पछि सहनीले किस्तावन्दी रूपमा केही रकम तिरे पनि बाँकी रकम नतिरेपछि विवाद बढेको प्रहरीले जनाएको छ। प्रहरी अनुसन्धानअनुसार सहनीले खाली चेक फिर्ता माग्दा उल्टै बाँकी रकम भुक्तानी नगरेको भन्दै धम्की दिने र झुठा आरोप लगाउने प्रयास भएको पाइएको छ। यसैक्रममा चेकमा अनधिकृत रूपमा रकम उल्लेख गरी बैंकिङ कसुरमा फसाउने नियत देखिएको प्रहरीको दाबी छ। घटनामा संलग्न रहेको आरोपमा विपेन्द्र कुमार साह र जनकपुर उपमहानगरपालिका-२१ निवासी दिनेश साह सोनारलाई नियन्त्रणमा लिइएको प्रहरीले जनाएको छ। उनीहरूले चेक दुरुपयोग गर्दै अनधिकृत रूपमा रु. १९ लाखसम्मको रकम उल्लेख गरी आपराधिक लाभ लिन खोजेको प्रारम्भिक अनुसन्धानबाट खुलेको छ। दुवैलाई वैशाख १६ गते नियन्त्रणमा लिई सम्मानित अदालतबाट ठगी तथा आपराधिक विश्वासघात कसुरमा म्याद थप गरी थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ। प्रहरी नायब उपरीक्षक विष्णु प्रसाद न्यौपाने का अनुसार घटनाको सूक्ष्म अनुसन्धान भइरहेको र संलग्न अन्य व्यक्तिहरूको खोजीसमेत जारी रहेको छ। उनले वित्तीय कारोबारमा पारदर्शिता अपनाउन र कुनै पनि कागजातमा हस्ताक्षर गर्दा सावधानी अपनाउन सर्वसाधारणलाई आग्रह गरेका छन्।

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरूक बनौ कर तिरौ । - बृन्दाबन नगरपालिका